निर्णय पुस्तिकाः-          बैठक संख्याः१६          मिति २०७७।१२।१५

आज मिति २०७७ साल चैत्र १५ गते आईतवारका दिन आमचोक गाउँपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो।

## उपस्थिति

| सि नं | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भीम प्रसाद राई | अनुपस्थित |
| ५ | सदस्य | श्री गणेश बहादुर खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्याङ्क अधिकृत | श्री धन कुमार राई | |
| २० | लेखापाल | श्री अनुप नेपाल | |
| २१ | अ.स.ब-इन्जिनियर | श्री भीमलाल गिरी | |
| २२ | | | |

२०७७।१२।१५
प्रमुख प्रशासकीय अधिकृत

२०७७।१२।१५
अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर
१ नं प्रदेश

१. भुमि सम्वन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्वन्धमा ।
२. जग्गा अधिकग्रहण सम्वन्धमा ।
३. सडक मर्मतको रकम भुक्तानी सम्वन्धमा ।
४. साना सिंचाइ योजना छनौट सम्वन्धमा ।
५. केन्द्रीय विद्युत विस्तार माग तथा लागत साझेदारीमा प्रतिवद्धता सम्वन्धमा ।
६. वजेट वाँडफाँड तथा खर्च अनुमोदन सम्वन्धमा ।
७. नेफस्कूनद्वारा संचालित आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता अनुमोदन सम्वन्धमा ।

## निर्णय नं.-१

भूमीहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको पहिचान लगत संकलन प्रमाणिकरण गर्ने प्रयोजन लागि कार्यपालिकालाई सहयोग र सहजिकरण गर्न भूमीहीन दलित, भूमिहिन सुकुम्वासी, अव्यवस्थि वसोवासीको स्थानीय तहवाट लगत संकलन सम्वन्धि कार्यविधि २०७७ को दफा ३ को उपदफा (१ वमोजिमको देहायअनुसार पालिकास्तरीय भुमि सम्वन्धि समस्या समाधान सहजिकरण समिति कार्यविधिको दफा ३ को उपदफा (३) वमोजिम गठन गर्ने निर्णय गरियो ।

**गाउँपालिकास्तरीय सहजिकरण समिति**

क) संयोजक : गाउँपालिकाको अध्यक्ष
ख) उप-संयोजक : गाउँपालिकाको उपाध्यक्ष
ग) सदस्य : राष्ट्रिय मान्यता प्राप्त दलहरु ( नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र प्रतिनिधि १/१ जना
घ) सदस्यः: पवित्रा राई र सुकमाया राई (कार्यपालिका सदस्य-महिला प्रतिनिधी)
ङ) सदस्यः देव वहादुर खत्री, आमचोक -४, सोनुमी राई आमचोक -४ (अध्यक्षद्वारा मनोनित- भूमि सम्वन्धी वा नागरिक समाजको २ जना प्रतिनिधी :) ।
च) सदस्य सचिवःप्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं.-२

आमचोक गाउँपालिका गाउँ कार्यापलिकाको प्रशासकीय भवन निर्माणका लागि आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको नाममा रहेको जग्गाको केहि क्षेत्रफलमा सामुदायिक भवन निर्माण भैसकेको र वाँकी क्षेत्रफलको जग्गा अप्रयाप्त हुने ठहर्याइ उक्त जग्गासँग जोडिएका तपसिलको विवरण भएका आसपासका जग्गाको कुल क्षेत्रफलवाट प्राप्त गर्नुपर्ने क्षेत्रफल एकिन गरिएको र जग्गा धनिहरुको सहमती लिई आवश्यक जग्गा प्राप्ती ऐन २०३४ को दफा ३(क) वमोजिम जग्गा अधिग्रहण गरि जग्गा प्राप्तिको प्रकृया वढाउने र जग्गा अधिग्रहणका लागि लाग्ने वजेट गाउँपालिकावाट व्यहोर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | जग्गाधनिको नाम | ठेगाना (साविक) र हालको | कि.न. | कुल क्षेत्रफल | प्राप्त गर्नुपर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ध्रुव प्रसाद पराजुली | साविक चण्डीवजार-२ हालको आमचोक गाउँपालिका -४ | ८० | १-१-१-१ | १-१-१-१ | पुरा |



प्रमुख प्रशासकीय अधिकृत २०७८।१२।१५

अध्यक्ष २०७७।१२।१५

आमचोक गाउँ कार्यपालिकाको कार्यालय, बालखा, भोजपुर १ नं प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ध्रुव प्रसाद पराजुली | साविक चण्डीवजार-२ हालको आमचोक गाउँपालिका -४ | ५२२ | १०-१-१०-० | ५-०-०-० | पश्चिमतर्फ भाग मुल वाटो तर्फ(आंशिक) |
| ३ | शम्भु पराजुली | साविक चण्डीवजार-३ हालको आमचोक गाउँपालिका -४ | ७७ | ३-०-३-० | ३-०-३-० | पुरा |

**निर्णय नं.-३**

आमचोक गाँउपालिकाका तपशीलका सडकहरु स्वीकृत लागत अनुमान, टिप्पणी तथा कार्यआदेश अनुसार वडा अध्यक्षहरु मार्फत अमानतमा मर्मत कार्य सम्पन्न भएको हुँदा प्राविधिक मुल्यांकन अनुसारको रकम पूँजिगत वजेटको मर्मत सम्भार कोषवाट खर्च हुनेगरि तपशिल बमोजिम मर्मत भएको सडकहरुको भुक्तानी तल उल्लेखित जम्मा रकममा कन्टिन्जेन्सी रकम र आवश्यक करहरु कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।

<u>तपशील:</u>

१) पोखरी सिमन्तुवा भञ्याङ्खर्क सडक मर्मत, आमचोक-१ रु.८७४४०।१३
२) चौतारा डाँडाखर्क (बिच सडक) सडक मर्मत, आमचोक-१, वासिङ्थर्पु रु.९२३९।०३
३) हात्तिपाईले खोला महादेवस्थान सडक मर्मत, आमचोक-१ रु.४१५९७।२४
४) धिन्ताङ देखि टावर जाने सडक मर्मत, आमचोक-१ रु.१६९००।२१
५) दाबुराङ भञ्याङखर्क सडक मर्मत, आमचोक-१ र २ रु.३१९९६।४०
६) युँ दाबुराङ बैकुण्ठे सडक मर्मत, आमचोक-२ युँ रू.१६२७८।६६
७) बतासे हात्तिपाईले खोला सडक मर्मत, आमचोक-२ युँ रु.३३५३५।९७
८) दिसंला चन्उटे सडक मर्मत, आमचोक-३ रू.६८९९०।१९
९) पसलभन्ज्याङ चुमाराङ एखुवाखोला सडक मर्मत, आमचोक-३ रु.८२७८४।१६
१०) वालांखा सामाराङ चुमाराङ सडक मर्मत, आमचोक-३ रु.७१५४६।१६
११) पाङ्चा नागी चखेवा सडक (वालंखा थिदिंखा खण्ड) मर्मत, आमचोक-४ रु.९९०७४।५६
१२) पाङ्चा नागी चखेवा सडक (पुर्णेडाडा खण्ड) मर्मत, आमचोक-४ रू.२८१४८।६४
१३) चण्डी बजार चण्डीथान सडक मर्मत, आमचोक-४ रु.३७४१८।१६
१४) वालंखा ओखरवोटे मैयुङ (दर्जी गाऊ खण्ड) सडक मर्मत, आमचोक-४ रु.२०८१७।६७
१५) बुङसुराङ गोगने तुम्मा डाडा वाराताङ सडक मर्मत, आमचोक-६ रु.२४५७८।७३
१६) क्षमाकन्या देविथान सार्लोखा वेनाहाङ कृषि सडक मर्मत, आमचोक-६ रु.२३९२४।२७
१७) कार्की डाँडा थुम्की बासीखोरा छयालुङ्ग कृषी सडक मर्मत, आमचोक-६ रु.२०६८७।३३
१८) वालंखा बयाङ्ग घोरेटार सडक मर्मत, आमचोक-६ रु.१६१३१।१५
१९) देवन्टार डुम्रे दुम्माना सडक मर्मत, आमचोकक-६ रु.३०६३०।८८
२०) देवन्टार डुम्रे दुम्माना सडक मर्मत, आमचोक-७ रु.३११८३।९८



प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

२१) बसाइगाँऊ हर्दिला कृषि सडक मर्मत, आमचोक-७ रू.४०२३३।५०

२२) पटुके टुपाखा सुन्तले डाँडाघर सडक मर्मत, आमचोक-७ रु.२५३३०।२८

२३) दुम्माना जोगेपाथर सडक मर्मत, आमचोक-९ रू.७२९२४।०४

२४) पाङ्चा नागी चखेवा सडक मर्मत (दुम्माना-लसुने खण्ड), आमचोक-९ रु.४८६१०।१०

२५) पाङ्चा नागी चखेवा सडक मर्मत (लसुने-दारेगौडा खण्ड), आमचोक-१० रु.९९०६९।४२

२६) चिउरीभन्ज्याङ्ग धारापानी सडक मर्मत, आमचोक-१० रु. ४८०३२।०५

२७) थुम्की वान्ठाना सडक मर्मत, आमचोक-१० रु.४४३२७।४४

२८) आमचोक सिध्दाथान डाँडा पर्यटन सडक मर्मत, आमचोक-१० रु.९९९८७।२९

२९) चण्डी एकुवाखोला सडक मर्मत, आम्चोक-१० रु.९९१०८।४६

३०) सुन्तले चिउरीभन्ज्याङग सडक मर्मत, आमचोक-१० रू.४९३५३।९०

३१) मार्जिताङ मखुवा दारेगौडा सडक मर्मत, आमचोक-१० रु.९८७४३।०५

**निर्णय नं.-४**

आमचोक गाउपालिकामा साना सिंचाइ कार्यक्रम (SIP) का लागि तपशिल वमोजिमको पानीको मुहान भएको साना सिंचाइ आयोजनाहरुलाई छनौट गर्ने निर्णय गरियो ।

क. छोकेखोला दयला सिंचाइ योजना :वडा नं १

ख. चुङ्नाम्मु खोला सिंचाइ योजना :वडा नं ३

ग. सिचावाङ सिंचाइ योजना छोड्खाः वडा नं ४

घ. एखुवाखोला आमवोटे सिंचाइ योजना : वडा नं ५

ङ. खम्वेखोला सिंचाइ योजना :वडा नं ५

च. छावाखोला सिंचाइ योजना सेपिखाम्ताङ्ग : वडा नं ७

छ. वाक्सीखोला सिंचाइ योजना : वडा नं ७

ज. किनुवा सिंचाइ योजना : वडा नं ८

झ. लसुनेखोला सिंचाइ योजना माझाखानी वोक्सेटार :वडा नं ९

ञ. ठेसुवाखोला सिंचाइ योजना :वडा नं १०

ट. माकुखोला सिंचाइ योजना :वडा नं १०

ठ. कोडकीतुखा सिंचाइ योजना :वडा नं १०

ड. कावाखोला सिचाई योजनाः वडा नं २

**निर्णय नं.-५**

आमचोक गाउँपालिका क्षेत्रभित्रका सवै घरधुरीहरुको लागि केन्द्रीय विद्युत विस्तारको लागि नेपाल विद्युत प्राधिकरणसँग माग गर्ने र सो विद्युत विस्तारको लागि प्रचलित कार्यविधि वमोजिमको आवश्यक पर्ने लागत साझेदारी वापतको रकम गाउँपालिकावाट व्यहोर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं प्रदेश

आमचोक गाउँपालिकाको कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष र प्रकोप व्यवस्थापन कोषमा मौजाद रकम क्रमशः रु १६,४५,५०२।०० र ७,५९,६२०।०० तपसिलको शीर्षकमा बाँडफाड गर्ने तथा कोरोना रोकथाम नियन्त्रण तथा उपचारकोषको रकम आ.व. २०७६/०७७ मा विभिन्न शीर्षकमा भएको शीर्षकगत खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

**१. कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषको रकम बाँडफाँड**

| | |
|---|---|
| क. स्वास्थ्य सामाग्री तथा औषधि खरिद | ५०००००।०० |
| ख. क्वारेन्टाइन व्यवस्थापन | ३०००००।०० |
| ग. विविध खर्च | ४४५५०२।०० |
| घ. साझा कोष खर्च(होल्डिङ सेन्टर संचालन प्रयोजन) | ४०००००।०० |

**२. प्रकोप व्यवस्थापन कोषको रकम बाडँफाड**

| | |
|---|---|
| क. उद्धार राहात तथा पुनर्थापना खर्च– | ७,५९,६२०।०० |

**३. खर्च अनुमोदनको शीर्षक र वजेट**

| | |
|---|---|
| क. संचाल महसुल | ६०००।०० |
| ख. भ्रमण खर्च | ३४०००।०० |
| ग. जोखिम भत्ता | २३७४६१।०० |
| घ. स्वास्थ्य सामाग्री तथा औषधि खरिद | ४५६००।०० |
| ङ. विविध खर्च | ३१९३७५।०० |
| च. सवारी साधन भाडा | ८६०००।०० |
| छ. सवारी साधन मर्मत | ८४००।०० |
| ज. क्वारेनटाइन व्यवस्थापन | ४५९८५।०० |

**निर्णय नं ७**

आमचोक गाउँपालिका र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) वीच नेफ्स्कूनद्वारा संचालित आधारशिला कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा मिति २०७७/१०/१९ मा भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

प्रमाणित गरिएको

२०७७/१२/१५

२०७७/१२/१५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं. प्रदेश